# मिथिला नगरपालिका
## आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम
## "हाम्रो मिथिला हाम्रो शान, समृद्ध नगर हाम्रो अभियान"

उप प्रमुखज्यू,
नगर सभाका सबै सदस्यज्यूहरु,
लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा
मिथिला नगरपालिकाको नगर सभाको १४औं अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।

आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम नगर सभाको १४औं अधिवेशनको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । यस नगरपालिकाको विकास र समृद्धिको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा साथ सहयोग र हौसला प्रदान गर्नु हुने मिथिला नगरबासी आदरणीय आमा बुवा, दाजुभाई तथा दिदिबहिनीहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यस अवसरमा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि नेपाली जनताले गर्दै आएका जनआन्दोलनहरुमा सहादत प्राप्त गर्नु हुने सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

यस मिथिला नगरपालिकाको विकास र समृद्धिका लागि नेपालको संविधान तथा संघीय, प्रदेश र स्थानीय कानूनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानुनतः निर्देशित काम, कर्तब्य र दायित्व निर्वाह गर्न हामी प्रतिवद्ध छौं । मिथिला नगरपालिकाका सम्पूर्ण नागरिकहरुको शिक्षा र स्वास्थ्यमा सहज पहूँच र पर्याप्तता तथा सामाजिक क्षेत्रको स्तर वृद्धिसँगै स्थानीय भाषा, संस्कृतिको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्नु हाम्रो पहिलो कर्तब्य हुन आएको छ । कृषि र प्राकृतिक सम्पदामा आधारित पर्यटन मिथिलाको सम्भावनाको पहिलो क्षेत्र हो । दिगो पूर्वाधार विकास सँगै वातावरण संरक्षण र विपद उत्थानशिल संरचना निर्माण हाम्रो लागि अर्को सुधार गर्नुपर्ने क्षेत्र देखिएको छ । यसका साथै सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको प्रयोग अनिवार्य छ । बाटोघाटोहरुको विस्तार र स्तरवृद्धिसँगै स्वच्छ, सफा, हरियालीयुक्त पर्यावरण संरक्षण गरी मिथिला नगरपालिकालाई सुन्दर नगर बनाउने हाम्रो ध्येय रहेको छ।

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ । शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक बिकास, युवा तथा खेलकुद, भौतिक पूर्बाधार विकास, खानेपानी तथा सरसफाई, विपद् ब्यवस्थापन, न्याय निरुपण, मानब अधिकार प्रबर्द्धन जस्ता बिषयगत क्षेत्रहरुका लागि बिशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

आगामी आर्थिक बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभाबकारी कार्यान्वयन गर्न आम नगरबासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभावहरुको सहयोग, सहकार्य र समन्वय रहने कुरामा म विश्वस्त रहेको छु ।

नेपालको संविधान (२०७२), नेपाल सरकार, मधेश प्रदेश सरकारको चालु आवधिक योजना, दिगो विकास लक्ष्य, सङ्घीय एवं प्रदेश सरकारका नीति तथा कार्यक्रम, राजनीतिक दलको घोषणा पत्रलाई यो नीति तथा कार्यक्रमको मार्गदर्शनको रुपमा लिएको छु । सभा सदस्यज्यूहरु, स्थानीय प्रबुद्ध वर्ग, उद्यमी व्यवसायी, राजनीतिक दल एवं सामाजिक संघसंस्थाबाट प्राप्त सुझावहरु समेतलाई समावेश गरेको छु ।

अब म स्थानीय तह लागु भई दोस्रो स्थानीय तहको निर्वाचनबाट हामी निर्वाचित भए पश्चात भए गरेका महत्वपूर्ण कामहरुको समीक्षा राख्न चाहन्छु ।

**मिति २०८० श्रावण देखी मिति २०८१ आषाढ सम्मको नीति तथा कार्यक्रमको समीक्षाः**

१. नगर सभा सदस्यज्यूहरु हामी निर्वाचित भएको २ वर्ष समाप्त भई तेश्रो वर्षमा प्रवेश गरेका छौं। यस क्रममा हामीले जनतासँग गरेका वाचाहरु केहि हद सम्म पुरा गरिसकेका छौ ।कतिपय कुरा हुने क्रममा रहेका छन् र कतिपय संचालन भैरहेका छन् । जनताको स्वास्थ्य प्रतिको संवेदनशीलतालाई मनन् गरी स्वास्थ्य चौकी ढल्केवरममा नगर आकास्मिक स्वास्थ्य सेवा संचालन भएको छ ।नगर स्तरीय १५ शैया अस्पताल, ट्रमा सेन्टर स्वाथ्य मन्त्रालय वाट स्वीकृत भई जग्गा प्राप्तिको अन्तिम चरणमा रहेको छ।

२. शिक्षा प्रतिको चाहना नगरको आवश्यक्तालाई ध्यानमा राखी शिक्षा गुणस्तर कायम गर्न अंग्रेजी माध्यमबाट पठन पाठन सुरु गर्ने कार्य साथै शिक्षकको क्षमतालाई बढोतरी दिन विभिन्न तालिमहरु संचालन भएका छन् ।युवाहरुको उच्च शिक्षामा देखिएको पलायन रोक्नका लागि ढल्केवर चौक देखी दक्षिण तर्फ जनक राजर्मार्ग नजिक महेन्द्र बहुमुखी क्याम्पस निर्माणको कार्य थालनी भएको छ ।जसलाई २ वर्ष भित्र पुरा गर्ने लक्ष्य लिएको छु।

३. नागरिकको रोजगार प्रतिको आवश्यकतालाई ध्यानमा राखी विभिन्न सीपमूलक तालिमहरु संचालन भएका छन्, जसबाट ठूलो संख्यामा नगरवासीहरुमा रोजगारी श्रृजना हुनुका साथै नगरको आर्थिक विकासमा टेवा पुगेको छ ।

४. न्यायिक समितिका कामकाजलाई छिटोछरितो बनाई जनताले हामी प्रति देखाएको स्वतन्त्र तथा निश्पक्ष न्याय प्राप्त गर्ने आकांक्षालाई विश्वास योग्य बनाई राख्न हरदम प्रयास भैरहेको छ ।साथै हाल सम्म ५० प्रतिशत भन्दा वढी उजुरी फछयौट भएको छ ।

५. कृषि तथा पशु विकासका क्षेत्रमा जनताको आकर्षण कायम गरी आमनागरिकलाई स्वदेशमै रोजगारी पाउने उद्देश्यले आधुनिक कृषि प्रविधिको वितरण मार्फत कृषिको यान्त्रिकीकरण गर्नुका साथै आर्थिक विकास करीडोर (RED) बर्दिवासको सहकार्यमा कृषि भवनको निर्माण भई संचालनको अन्तिम अवस्थामा रहेको छ ।

६. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरु तथा अशक्त व्यक्तिहरुको जीवनयापनलाई सहज बाउन सहायक सामाग्री वितरण गरिनुको साथै उनीहरुलाई समाजमा सम्मानपूर्वक जीवन जिउने वातावरण सिर्जना भएको छ ।

७. प्रशासनिक कार्यलाई छिटो छरितो र व्यवस्थित वनाउन प्रशासनिक भवनको D.P.R. तयार भई जग्गा प्राप्तिको चरणमा रहेको साथै वडा कार्यालयहरुको आफ्नै भवनहरु निरन्तर रुपमा निर्माण भई संचालनमा आउन थालेका छन् ।

८. कर संकलन कार्यलाई करदाता मैत्री तथा प्रगतिशिल कर प्रणाली लागु गर्न अनलाइन प्रणाली मार्फत कर भुक्तानी गरिने व्यवस्था मिलाइएको छ, जसबाट असल कर प्रशासन शुरु हुने अपेक्षा गरिएको छ ।

९. नगर भित्रका बजार क्षेत्रहरुंको व्यवस्थापन तथा स्तरवृद्धि गर्ने कार्यको थालनी गरिएको छ । मिथिला नगरपालिका वडा नं. ९ अन्तर्गत रहेको बडहरी वजारको स्तरउन्नती गरिएको छ ।

१०. नगर भित्र यस वर्षको दौरानमा नगरको आन्तरिक श्रोत तथा प्रदेश र संघिय सरकारसंग समन्वयमा विभिन्न वडाहरुमा झण्डै ७ कि.मि. कालोपत्रे सडक निर्माण कार्य भएको छ ।

११. नागरिकको भूमि सम्बन्धी कार्य गर्नका लागि जनकपुर धाउनुपर्ने वाध्यतालाई अन्तय गर्दै आफ्नौ घरआगन ढल्केवर चौकमा नापी तथा मालपोत कार्यालयको स्थापनाका लागि हामीबाट पहल भै हाल स्थापाना गरी संचालन भएको छ ।जसबाट नागरिकले नगरप्रतिको अपनत्व वोध गरेका छन् । यस कार्यमा साथ तथा सहयोग गर्ने प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी, मालपोत कार्यालय प्रमुख, नापी कार्यालय प्रमुख, गणेशमान चारनाथ नगरपालिका र बटेश्वर गाउँपालिकाका सम्पूर्ण नागरिक लगायत यस कार्यमा साथ सहयोग गर्ने सरोकारवालहरुलाई धन्यवाद दिन चाहान्छु ।

१२. खेलकुद प्रतिको विकासमा नगरले केही पहलकदमी अवश्य लिएको छ जस अन्तर्गत वडा नं २मा खेलकुद मैदानको स्तरउन्नती गर्दै खेलाडीहरुको लागि शौचालय सहितको चेन्जिङ्ग रुम निर्माण

गरिएको छ । त्यसैगरी वडा नं ५ को कवड हलमा पार्केटिङ्ग र वडा नं १० को कवड हल निर्माणका आवश्यक सहयोग गरिएको छ ।

हामीले कार्यभार सम्हालेको यो दोश्रो वर्षमा नागरिकहरुमा स्थानीय सरकारको रुपमा यस नगरपालिकाको काम कारवाही प्रति सकारात्मक सन्देशको प्रवाह गर्न हामी सफल भएका छौ, साथै यस क्रमलाई यस वर्ष अझ नागरिकको भरोसा योग्य स्थानीय सरकार बनाउने कार्यमा हामी एकचित्त भएर अघि बढ्नेछौं भन्ने कुरामा यस सभा मार्फत विश्वास दिलाउन चाहान्छौं ।

**अब म मिथिला नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को नीति र कार्यक्रम यस नगर सभाको बैठकमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

मिथिला नगरपालिकाको दीर्घकालिन सोचलाई कार्यान्वयन गर्न देहायका नीति तथा कार्यक्रमहरु अबलम्वन गरिनेछन्।

## १. आर्थिक विकास

## (कृषि, पशुपालन, रोजगारी, उद्योग, वाणिज्य)

- जैविक खेतीलाई प्रोत्साहन गर्न जैविक मलको उत्पादन तथा व्यवस्थापन गर्दै सोको प्रयोगलाई बढावा दिइनेछ ।
- उत्पादकत्व बढाउने किसिमका कार्यक्रम संचालन गरि किसानको आय आर्जनमा वृद्धि गरिनेछ ।
- माटोको उर्वाराशक्ती पहिचान गरी सो अनुसारको खेतीलाई प्रोत्साहन गर्न माटो परिक्षण गरी माटो सुधारको विभिन्न कार्यक्रम गरिनेछ ।
- स्थानीय कृषि उपजलाई ब्रान्डिङ्ग गरी कृषि प्रदर्शनका कार्यक्रम संचालन गरिने छ ।
- खाली जग्गा, नदि उकास जग्गाहरुको संरक्षण गर्दै कृषि प्रयोजनका लागि उपयोग गरिनेछ ।
- कृषि बालीमा क्षति पुर्याउने बन्यजन्तु नियन्त्रण तथा व्यवस्थापन गरिनेछ ।
- कृषि बातावरण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गरिनेछ ।
- नगरपालिकालाई खाद्यान्न बालीको बीऊ बिजनमा आत्मनिर्भर बनाईनेछ ।
- कृषि क्षेत्रको सिंचाईको व्यवस्थापनमा भूमिगत सिचाईलाई प्राथमिकताको आधारमा बढावा दिईनेछ।
- कृषि बालीमा लाग्रे रोग तथा कीट नियन्त्रण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- कृषि उत्पादन तथा उत्पादकत्वमा बढोत्तरी ल्याउन आधुनिक प्रविधिको अधिकतम प्रयोगलाई निरन्तरता दिदै थप आधुनिक औजारहरुको प्रयोग सम्बन्धमा किसानहरुलाई अनुदान तथा सीप विकासको व्यवस्था गरिनेछ ।
- सामुहिक कृषि खेतीलाई प्रवर्द्धन गरिनेछ, कृषि प्रयोजनका लागि सामुहिक रुपमा संचालित डिप बोरिङ, स्यालो ट्युवेल लगायत सिंचाईजन्य कार्य गर्दा विद्युत महशुल वापत लाग्ने रकममा नेपाल सरकारको अनुदान समेत गरी १००% अनुदान दिईनेछ साथै त्यस्ता प्रकृतिका सिचाईजन्य प्रविधिको व्यवस्थापन यस नगरपालिका मार्फत गरिनेछ ।

- कृषकलाई आवश्यक पर्ने मल/खादहरु कृषक संख्याको आधारमा आवश्यकता अनुसार पर्याप्त मात्रामा तथा समयमै उपलब्ध गराउन संघीय तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ।
- कृषि उत्पादनमा सम्भावित पकेट क्षेत्रहरुको पहिचान गरी पकेट क्षेत्रको रुपमा बिभिन्न नमूना कार्यक्रम संचालन गरिनेछ ।
- "आधुनिक कृषिमा प्रबिधि सहितको लगानी गरौ, कृषकलाई सम्मान गरौ" भन्ने मुल नारा सहितको कार्यक्रम लागु गरिनेछ र सो अन्तर्गत कृषि मेला ,उत्कृष्ट कृषकलाई सम्मान गर्ने लगायत कार्यक्रम सचालन गरिनेछ ।
- स्थानीय उत्पादन मिठ्ठा तथा आपको चकलेट र दुग्धजन्य पदार्थको उत्पादनलाई प्रोत्साहित गरी प्रवर्द्धन गरिनेछ,
- कृषि तथा पशु वीमा कार्यक्रमको प्रवर्द्धन गर्ने नीति लिईनेछ ।
- पशुपंक्षीमा लाग्ने संक्रामक रोगहरु जस्तै लम्पि स्किन जस्ता अन्य रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि घरदैलो खोप कार्यक्रम अभियानको रुपमा निःशुल्क तवरले निरन्तर संचालन गरिनेछ ।
- पशुको उत्पादन तथा उत्पादकत्व बढाउनको लागि समयानुकुल गुणस्तरीय पशु आहारको सहज आपुर्तिको लागि घाँसको विउ विजन, बेर्ना, सेट्स आदि वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पशु सेवा शाखाबाट सेवा लिन नसकिने ठाँउमा पशु स्वास्थ्य शिविर संचालन मार्फत पशुमा लाग्ने रोगहरुको जोखिम न्युनिकरण गर्न खोप, औषधी वितरणको निःशुल्क व्यवस्था गरिनेछ ।
- दुग्ध उत्पादन क्षेत्रको पहिचान गरी दुग्ध तथा दुग्धजन्य पदार्थको बजारीकरणमा सहयोगार्थ लागत सहभागितामा डेरीजन्य उपकरणको सामाग्रीमा अनुदानको व्यवस्था गरिनेछ ।
- पशुहरुमा लाग्ने रोगहरुको जोखिम न्युनिकरण गर्न लागत सहभागितामा गोठ, खोर सुधारको कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।
- पशुपालनलाई व्यवस्थित व्यावसायिकरण तथा कृषकको कार्यबोझ कम गर्न लागत सहभागितामा यान्त्रिकरणहरुको व्यवस्था गरिनेछ ।
- पशुपन्क्षिमा नस्ल सुधारको कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
- पशुपन्क्षीमा लाग्ने विभिन्न रोगहरुको उपचारको लागि औषधीको व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- भेटरिनरी एम्बुलेन्स कार्यक्रम संचालन गरिनेछ ।

- कृषि तथा पशुपालन मार्फत दिगो तथा प्रभावकारी आर्थिक विकास गर्न **"मेयर कृषि कार्यक्रम"** संचालन गरिनेछ ।
- सवै वडाको धार्मिक तथा पर्यटकिय स्थलको पहिचान गरी मिथिला पर्यटन पुस्तिका प्रकाशन गरी मिथिलाको चिनारीलाई अभियानको रुपमा प्रचार प्रसार गरिनेछ ।
- स्थानीय मासु तथा दुग्धजन्य उत्पादनलाई बढावा दिन मिथिला पशु बजार संचालन गरिने नीति अवलम्वन गरिनेछ ।
- एक सहकारी एक उत्पादन कार्यक्रमलाई बढावा दिईनेछ ।
- तीन खम्बे नीति अनुरुप सहकारीहरुलाई सबल र सक्षम बनाउन सहकारी शिक्षा कार्यक्रमहरु संचालन गरिनुका साथै सबै सहकारीलाई कोपोमिस (COPOMIS) मा अनिवार्य आवद्ध गराईनेछ ।
- साझा सहकारी संस्थाको सम्पति संरक्षण तथा व्यवस्थापन गरी संचालनमा ल्याईनेछ ।
- सहकारी संस्थाहरुलाई दर्ता, नियमन, प्रवर्द्धन र विकासमा सहयोग गरिनेछ ।
- सहकारी तथा वित्तीय क्षेत्र संग भएको पूँजीलाई उद्यम विकास तथा रोजगारी सिर्जना गर्ने क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।
- कृषि क्षेत्रलाई संरक्षण गर्नका लागि भिक्स जातको वोटविरुवाको रोप्ने कार्यलाई निरुसाहित गरिनेछ ।
- नगर क्षेत्र भित्रका यूवा रोजगारीको सहभागिता गराइ बैदेशिक रोजगारीको न्यूनिकरण गरिनेछ ।
- कृषि क्षेत्रलाई संरक्षण गर्नका लागि भिक्स जातको वोटविरुवाको रोप्ने कार्यलाई पूर्णरुपले वन्देज गरिनेछ ।
- सेवा दस्तुर, कर शिक्षा, राजश्व सुधार कार्य योजना बनाइनेछ, संकलित करलाइ पुँजी श्रृजना एवम समुदायका व्यक्ती लाभावान्भित हुने गरी लगानी गरिनेछ।

## २. सामाजिक विकास

## (स्वास्थ्य तथा पोषण, शिक्षा, महिला बालबालिका तथा ज्येष्ठ नागरिक, खानेपानी तथा सरसफाई, युवा तथा खेलकुद, लैगिक समानता तथा सामाजिक समावेशीकरण, न्यायिक समिति)

- शिक्षित तथा दक्ष जनशक्ती स्थानीय स्तरमै विकास गर्न स्नातक तहको अध्ययन गर्ने क्याम्पसको पूर्वाधार निर्माणलाई यथाशिघ्र सम्पन्न गरिनेछ ।
- प्राविधिक तथा सीपमूलक शिक्षाको अवसर प्रदान गर्न श्री जनता मा.वि. नक्टाझिजमा प्राविधिक शिक्षा पठनपाठन (भेटरिनरी शिक्षा) हुने कार्यको थालनी गरिनेछ ।

- विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न स्थानीय नगर शिक्षा समितिको अनुगमन नियमन कार्यलाई प्रभावकारी बनाईनेछ ।
- नगरपालिका भित्र प्रारम्भिक बालविकासको क्षेत्रमा लगानी अभिवृद्धि गर्दै बालबालिकाको सर्वाङ्गिण विकासका लागि एकीकृत प्रारम्भिक बालविकास कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय मापदण्ड बनाई सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालयको स्थापना, अनुमति, संचालन तथा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाईनेछ ।
- बाल विकास केन्द्रलाई व्यवस्थापन गरी विद्यार्थी भर्ना कार्यक्रमको अभियानलाई निरन्तरता दिईनेछ ।
- सामुदायिक विद्यालयहरुको जग्गाको स्वामित्व, सम्पतिको अभिलेख, संरक्षण तथा व्यवस्थापन गरिनेछ ।
- कक्षा ६ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम तयार गर्दा नैतिक शिक्षा, जीवन उपयोगी शिक्षा तथा राष्ट्रिय भावनाले ओतप्रोत भएको स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण गरी लागु गरिनेछ ।
- वडाहरु सरसफाई कार्यक्रम संचालन गर्दै विद्यालयहरुमा **Wash** सहितको शौचालय निर्माण गर्ने कार्य क्रमश थालनी गदै विद्यालयमा खानेपानी सरसफाई तथा स्वच्छता कार्यक्रम अन्तर्गत शुद्ध र सुरक्षित खानेपानी कार्यक्रम प्रवर्द्धन गरिनेछ ।
- नगर स्तरीय खेलकुद कार्यक्रम संचालन गर्न कार्यविधि बनाई सो मार्फत आवश्यक खेलकुदको प्रवर्द्धन गरिनेछ ।
- विद्यार्थीहरुको सर्वाङ्गिण विकास तथा प्रतिभा देखाउनका लागि नगर क्षेत्रभित्रका सबै विद्यालयमा हप्ताको १ दिन अतिरिक्त शैक्षिक क्रियाकलाप संचालन गराईनेछ ।
- सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमबाट हुने पठन पाठनलाई प्रभावकारी रुपमा निरन्तरता दिईनेछ ।
- प्रत्येक सामुदायिक तथा संस्थागत विद्यालयहरुमा बालबालिकाको व्यवहारीक अभ्यासलाई प्रवर्द्धन गर्न **करेसा बारी** कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिनेछ ।
- सामुदायिक विद्यालयको दिवाखाजा कार्यक्रमलाई सन्तुलित र पोषणयुक्त बनाउन खाजामा रैथाने बालीको प्रभावकारी प्रयोगलाई बढावा दिईनेछ ।
- अनौपचारिक शिक्षा मार्फत नगर बासीलाई साक्षर बनाई पूर्ण साक्षर नगरपालिका घोषणा गरिनेछ।

- महिला, दलित, यौनिक अल्पसंख्यक, विपन्न वर्ग, सिमान्तकृत वर्ग, मुस्लिम, अपाङ्गग भएका व्यक्तिहरु, आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका लक्षित वर्गलाई आर्थिक र सामाजिक सशक्तिकरण गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।
- बाल विवाह जस्ता सामाजिक कुरितीको अन्त्य गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- शारीरिक अपाङ्गता भएको बालबालिका तथा व्यक्तिहरुका शल्यक्रियाको लागि अपाङ्ग बाल अस्पतालसंग साझेदारी गरी शिविर संचालन गरिनेछ ।
- दिगो विकासको लक्ष्य तथा स्थानीय सरकार संचालन ऐन २०७४ अनुरुप बालश्रम मुक्त स्थानीय तह घोषणा गर्न कार्यक्रम संचालन गरिनेछ ।
- जेष्ठ नागरिकका अनुभव आदान प्रदान गर्न जेष्ठ नागरीक मिलन केन्द्र स्थापना गरिनेछ।
- यौनिक अल्पसंख्याक नागरिकलाई समाजमा सम्मानपूर्व बस्न उचित वातावरणको व्यवस्था गरिनेछ।
- ग र घ वर्गको अपाङ्गता भएका व्यक्तिलाई प्रोत्साहन गर्न अपाङ्गता भत्तालाई निरन्तरता दिइनेछ।
- **"मिथिलाको शान, शिक्षित महिला हाम्रो अभियान"** कार्यक्रम मार्फत महिलाहरुलाई उच्च शिक्षामा आकर्षण गर्ने विशेष कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।
- **महिला उद्यमीहरुसँग उपप्रमुख** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- संविधान प्रदत्त नागरिकको आधारभूत स्वास्थ्य सेवा सम्बन्धी मौलिक हकलाई सुनिश्चित गर्न Family Health Profile तयार गर्दै स्वास्थ्य चौकी ढल्केवरमा २४ सै घण्टा नगर आकस्मिक स्वास्थ्य सेवालाई सुदृढिकरण तथा व्यवस्थित गर्दै नगर औषधालय संचालन गरिनेछ ।
- १५ शैय्या अस्पतालको पूर्वाधार निर्माण कार्यलाई प्राथमिकतामा राखी निर्माण कार्यलाई द्रुत गतिमा अगाडी बढाईनेछ तथा ढल्केवरमा ट्रमा सेन्टर स्थापनाका लागि संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ ।
- कुपोषित बालबालिकाहरुको उपचारका लागि OTC center स्थापना गर्ने कार्यलाई निरन्तरता दिदै Hello Sister कार्यक्रम मार्फत गर्भवती तथा सुत्केरी महिलाको नियमित जाँच तथा खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- पूर्ण खोपको दिगोपनालाई निरन्तरता दिईनेछ ।
- गाँउ घर क्लिनिक तथा खोप क्लिनिकको प्रभावकारी संचालन मार्फत ५ वर्ष मुनिका बच्चा, गर्भवती महिला, अपाङ्गता भएका तथा ६० वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुको स्वास्थ्य जाँच शिविर संचालन गरिनेछ ।
- मानसिक स्वास्थ्य परामर्श कार्यक्रम संचालन गरिनेछ ।

- महिलाको पाठेघर सम्बन्धी रोगको स्क्रिनिङ कार्यक्रमलाई विस्तार गरी उपचारको आवश्यक व्यवस्था मिलाईनेछ ।
- नगर भित्रका औषधि पसलहरुको संचालन, अनुमति अनुगमन र नियमन कार्यलाई प्रभावकारी बनाईनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविका तथा आमा समूह मार्फत संचालन हुदै आएको स्वास्थ्य सेवा सम्बन्धी जनचेतनामूलक कार्यलाई थप व्यवस्थित गरी निरन्तरता दिईनेछ ।
- अपाङ्ग भएका व्यक्तिहरुलाई दैनिकी सहज बनाउन प्रदान गर्ने गरिएको सहायक सामाग्री वितरण कार्यलाई निरन्तरता दिईनेछ ।
- गर्भवती महिला, निजको पति तथा सासुलाई सुरक्षित मातृत्व सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।
- गर्भवती महिलाको निःशुल्क स्वास्थ्य परीक्षण कार्यलाई निरन्तरता दिईनेछ।
- आकास्मिक सेवालाई निरन्तरता दिन आवश्यक व्यवस्थापनका लागि संघीय सरकार तथा प्रादेशिक सरकारसंग समन्वय गरिनेछ ।
- स्वास्थ्य वीमा कार्यक्रमलाई नगर फार्मेसीमा आवद्ध गर्न सङ्घीय सरकारसंग समन्वय गरिनेछ ।
- स्वास्थ्य चौकी व्यवस्थापन समिति (HFMOC) लाई प्रभावकरी रुपमा सेवा प्रवाह गर्न सक्रिय गराइनेछ।
- मोतियाविन्दुको शल्यक्रियामा दिदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- खेलकुदको माध्यमबाट नगरलाई राष्ट्रव्यापी रुपमा चिनाउन **मेयरसंग यूवा खेलकुद कार्यक्रम** संचालन गरिनेछ।साथै खेलाडीको प्रतिभालाई पहिचान गरी पुरस्कार तथा सम्मानको व्यवस्था मिलाईनेछ ।
- स्थानीय सरकारको न्यायिक समितिलाई संविधानको मर्म अनुरुप स्वच्छ, पारदर्शी र अधिकार सम्पन्न बनाईनेछ ।
- न्यायिक कार्यसम्पादनलाई विश्वसनीय, प्रभावकारी र जवाफदेही बनाउन छिटोछरितो र प्रविधिमैत्री सेवा सुचारु गरिनेछ ।साथै न्यायिक कार्यसम्पादनका लागि अलगै कक्ष व्यवस्थापन गरीनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारी एवं विभिन्न लक्षित समुदायका बिच कानूनी साक्षरता, न्यायिक समितिको काम तथा उत्तरदायित्व, मेलमिलापका विषय एवं आवश्यकताका सम्बन्धमा तालिम सञ्चालन गरिनेछ ।

- दक्ष मेलमिलापकर्ता तयार पर्नका लागि एडभान्स, आधारभूत तथा पूनर्ताजगी तालिम सञ्चालन गरिनेछ ।
- न्यायिक समितिको अनुभव तथा असल अभ्यासहरुको आदान प्रदानका लागि अध्ययन भ्रमणको व्यवस्था मिलाईनेछ ।
- प्रत्येक ईजलास तथा उजुरीहरुको र न्यायिक कार्य सम्पादनको व्यवस्थित फायल तथा डिजिटल अभिलेख, प्रत्येक ६ महिनामा समीक्षा एवम् प्रत्येक वर्ष कार्यप्रगति प्रतिवेदन सार्वजनिक गरिनेछ ।
- स्वास्थ्यका लागि योग समाजका लागि योग भन्ने नारासहित विद्यालय देखि नागरिक समाजसम्म योग प्रवद्धन कार्यक्रम संचालन गरिनेछ ।
- खेलकुद प्रवर्द्धनका लागि नगर स्तरिय खेल मौदानको निर्माण गरिनेछ ।
- गुणस्तरिय शिक्षाको लागि प्राविधिक शिक्षामा जोड दिई प्राविधिक शिक्षा र कम्प्युटरको व्यवस्थापन क्रमश रुपमा विस्तार गरिदै जानेछ ।
- विभिन्न क्षेत्रमा राष्ट्रिय तथा क्षेत्रिय गैर सरकारी संघसंस्थाहरुसंग समन्वय गरी सम्बन्धित विषयहरुमा सहकार्य गरिनेछ ।
- न्यायिक कार्य सम्पादन गर्ने कार्य छिटो छरितो गरिनेछ,न्यायिक समितिका कार्यको सवै गतिविधिहरुलाई डिजीटलाइजेशन माध्यमबाट अभिलेखीकरण गरिनेछ
- मेलमिलापकर्ताहरुको क्षमता विकास कार्यक्रम निरन्तरता दिइनेछ,सुचिकृत मेलमिलापकर्ताहरुलाइ व्यवस्थित गर्न मेलमिलाप कार्यक्रमलाइ निरन्तरता दिइनेछ।
- न्यायिक कार्य सम्पादनको लागी अलग्गै स्थान तथा भवनको व्यवस्था गरिनेछ। न्यायिक समितिका पदाधिकारी तथा शाखाका कर्मचारीहरुलाई व्यवसायिक सिप तथा तालिमको व्यवस्था गरिनेछ।
- नयाँ ऐन तथा कानून निर्माण तथा कार्यान्वयनका लागी जनप्रतिनिधि तथा कर्मचारीलाई तालिमको व्यवस्था गरिनेछ।
- वडा स्तरीय सामुदायिक मेलमिलापकर्ताहरुको लागी प्रत्येक वडामा मेलमिलाप कक्षको व्यवस्था गरिनेछ।
-

## ३. पूर्वाधार विकास क्षेत्र तर्फका नीति तथा कार्यक्रमः

- नगरपालिकाको प्रशासनिक कार्यलाई सुदृढ र व्यवस्थित बनाउन प्रशासकीय भवन, वडा कार्यालयको भवन, विद्यालयको भौतिक पुर्वाधार निर्माण, स्वास्थ्य चौकीको भवन निर्माण, मेलमिलाप कक्ष निर्माण गरी आफ्नै भवनबाट सेवा प्रवाह गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।
- **"उज्यालो मिथिला अभियान"** अन्तर्गत सबै वडा कार्यालयको प्रमुख रणनीतिक स्थानहरुमा टावर लाईट, स्ट्रिट लाईट जडान गरि नगरलाई उज्यालो बनाउने प्रभावकारी नीति लिईनेछ, नगर क्षेत्र भित्र रहेका अव्यवस्थित विद्युतिय पोलहरुको व्यवस्थापन गर्न विद्युत प्राधिकरणसंग समन्वय गरिनेछ ।
- **"व्यवस्थित, सफा र सुन्दर नगर"** निर्माण गर्न आगामी दिनमा निर्माण हुने सडक तथा सडक स्तरउन्नती हुँदा ढलान कार्यलाई निरुत्साहीत गर्दै कालोपत्रे सडक, ग्राभेल सडक, सुरक्षित ढल निर्माण कार्यमा वातावरण मैत्री बनाउन सडकको पेटीमा वृक्षारोपण गर्ने कार्यलाई अनिवार्य रुपमा व्यवस्थित गरिनेछ ।
- राजमार्ग वरिपरि, बजार क्षेत्र, पर्यटकको आवागमन हुने स्थान तथा सेवाग्राहीको अत्याधिक चाँप हुने स्थान तथा रिफ्रेस सेन्टर जस्ता ठाउँहरुमा सुविधा सम्पन्न शौचालय र विश्रामस्थलको क्रमशः व्यवस्थापन गरिनेछ।
- राजमार्गबाट ग्रामिण बस्ति जोड्ने बाटोहरुलाई स्तरउन्नती गरिनेछ ।साथै संघ र प्रदेश सरकारको सहयोगमा कालोपत्रे गर्न सहकार्य गरिनेछ।
- स्थानीय संस्कतिलाई प्रवर्द्धन गर्ने तथा शारीरिक तन्दुरुस्तीलाई कायम गर्न प्रत्येक वडामा पार्क निर्माण गर्नुको साथै खुला जिम प्रयोगशालाको निर्माण गरिनेछ ।
- नगर क्षेत्र भित्र पर्ने सार्वजनिक सम्पतीको राष्ट्रिय, प्रादेशिक तथा स्थानीय सडकको अधिकार क्षेत्र (Right of way) भित्र अनधिकृत रुपमा रहेका स्थायी वा अस्थायी संरचनाहरु हटाउने नीति कडाईका साथ अवलम्बन गरिनेछ । साथै ढल्केवर चौक, दुर्गा मन्दिर जाने सडकमा अनाधिकृत रुपमा वनेका स्थायी वा अस्थायी संरचनाहरु हटाई ढल्केवर चौकको सौन्दर्यता कायम गरिनेछ ।
- **"सिचाँईमा लगानी, खेतबारीमा पानी"** अन्तर्गत नगर क्षेत्र भित्र सामुहिक डिप बोरिङ्ग, स्यालो ट्युवेल जडान गरी सोको रेखदेख र व्यवस्थापन नगरपालिकाले नै गर्ने नीति अवलम्वन गरिनेछ ।

- अनारी खोला वाध निर्माण तथा स्तरउन्नती, स्वास्थ्य चौकी ढल्केवर, स्वीमिङ्ग पुल पोखरिया लगायत विगत देखी अधुरा रहेका सम्पन्न हुन नसकेका योजनाहरुलाई प्राथमिकताको आधारमा सम्पन्न गरिनेछ ।
- मिथिला नगरपालिका वडा नं.१० स्थित अधुरो रहेको पिकनिक स्पोर्टसलाई प्राथमिकताको आधारमा निर्माण सम्पन्न गरिनेछ ।
- नगर भित्रका कृषियोग्य जमिनहरुमा सिचाई सुविधा उपलब्ध गराउन कुलो, थोपा सिचाई, सिचाई पोखरी, प्लास्टिक पोखरी आदीको निर्माण तथा मर्मत कार्यलाई निरन्तरता दिईनेछ।
- नगर स्तरीय वस्ति विकास योजनाको सम्भाव्यता अध्ययन तथा नीति निर्माण गरी सुरक्षित एवं एकिकृत वस्ति विकास कार्यक्रम लागु गरिनेछ ।
- परम्परागत उर्जा प्रयोगलाई क्रमशः प्रतिस्थापन गर्दै विद्युतिय उर्जाको प्रयोगको बढोत्तरीलाई प्रोत्साहन गरिनेछ।
- नगर भित्रका घाटहरुमा आधुनिक शवदाह स्थल निर्माण गरी संचालनमा ल्याईनेछ ।साथै कव्रस्थान, चिहानघाटहरुको स्तरोन्नती गरिनेछ ।
- ढल्केवर देखि रानिवास जोडने सडक निर्माण गर्नका लागि सङ्घीय सरकार र प्रदेश सरकारसंग आवश्यक पहल गरीनेछ ।
- वडा नं १० स्थित धनेश्वर महादेव मन्दिरलाई धनेश्वरधामको रुपमा विकास गरी धार्मिक पर्यटन पुर्वाधारको विकास गरिनेछ ।
- वडा नं ७ स्थित मिथिला सागर(पोखरिय)लाई विकास गरी धार्मिक पर्यटन पुर्वाधारको विकास गरिनेछ
- पर्यटन क्षेत्रमा पुर्वाधारको विकास गरी यस क्षेत्रमा क्रियाशिल व्यवसायी तथा सेवाग्राहीलाई सहयोग गर्न तथा यस विषयलाई अझ प्रभावकारी रुपमा सहयोग तथा समन्वय गर्न नगर स्तरिय नगर पर्यटन प्रवर्द्धन समिति गठन गरिनेछ ।
- नगर पार्श्व चित्र (Municipal Profile ) तयार गरिनेछ ।

## ४. वन बातावरण तथा विपद व्यवस्थापना क्षेत्र तर्फका नीति तथा कार्यहरुः

- स्थानीय वन नीति निर्माण गर्दै वातावरण संरक्षण, भू-क्षय नियन्त्रण, पानीको मुल संरक्षण, जल श्रोतको व्यवस्थापन, स्थानीय ग्रामिण तथा कृषि सडक र सिंचाईको दिगो व्यवस्थापन गर्दै वातावरण संरक्षण कार्यलाई प्राथमिकता दिईनेछ ।

- विपद व्यवस्थापनको रणनीतिक योजना तयार गरी नगर स्तरीय आपतकालिन कार्य संचालनको लागि केन्द्रमा विपद व्यवस्थापन सामाग्री, सुरक्षा निकायसंग समन्वय गर्दै विपदबाट पर्ने प्रभावको प्रतिकार्य तथा पूनः स्थापना गर्ने कार्यको नीति अवलम्वन गरिनेछ।
- नगरपालिका क्षेत्र भित्रका खोलानालाको दिगो व्यवस्थापन गरी वर्षामा हुने डुवानको समस्या समाधान गर्नको लागि प्रारम्भिक कार्यको रुपमा ड्रेनेज नेटवर्क प्लान तयार गरिनेछ, अल्पकालिन रुपमा समस्याको समाधानको लागि नगर क्षेत्र भित्रका सबै ढल, नाला सफाई गरी सहज पानीका निकास गरिने नीति लिईनेछ।
- विभिन्न सरोकारवालाहरुको सहकार्यमा जलवायु अनुकुलन तथा उत्थानशिल कार्यक्रम लागु गरिनेछ, नगरपालिका कार्यालय र मातहतका निकायहरुको डिप स्कलिङ्ग (सार्वजनिक सम्पत्तिको पूर्ण सरसफाई) कार्यक्रम संचालन गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन, शहरी सौन्दर्यकरण प्रवर्द्धन गर्न श्रोतबाटै कुहिने र नकुहिने फोहोर छुट्याउने नीतिलिइ विपद उत्थानशिल संरचना निर्माणको नीति अनुरुप राष्ट्रिय र नगर स्तरीय भवन संहिता कडाइका साथ कार्यन्वयन गरिनेछ, सिकर्मी डकर्मीलाई भवन निर्माण प्रविधि र भवन संहिता सम्बन्धी तालिम दिई दक्ष बनाउनुका साथै प्राविधिक उपकरणको प्रयोग गर्ने प्रोत्साहन गरिनेछ ।
- नदि तथा नदिजन्य पदार्थको बातावरणमैत्री व्यवस्थापन गर्न river harvesting कार्यक्रम संचालन गरिने छ ।
- जलवायु परिवर्तनका प्रतिकूल असरहरुलाइ न्यूनिकरण गर्न जलवायु परिवर्तन अनुकुलन योजना बनाइ परिस्थितिकीय प्रणालीहरु संरक्षण गर्दै जीविकोपार्जन सुधार गर्ने रणनिती लिइनेछ।
- वन तथा वातावरणको संरक्षण, जंगल क्षेत्रमा पानी संचित गरी खानेपानी मुहानलाइ संरक्षण गर्ने निति लिइनेछ।

## ५. सुशासन तथा अन्तर सम्बन्धीत क्षेत्र तर्फका नीति तथा कार्यक्रमः

- नगरपालिकाको कर्मचारीहरुको कार्य सम्पादनलाई नतिजासंग जोड्न र प्रमुख कार्यसम्पादन सूचकमा आधारित कार्य सम्पादन नतिजाको आधारमा उनीहरुको उत्प्रेरणा, संगठनको उत्पादकत्व अभिवृद्धिका लागि कार्य सम्पादनमा आधारित करार प्रणाली, प्रोत्साहन प्रणाली लागु नीति अवलम्वन गरिनेछ ।
- सेवा प्रवाहलाई व्यवस्थित गर्न बार्षिक खरिद योजना बनाईनुका साथै नगरपालिकाले कार्यान्वयन गर्ने बजेटलाई वडा स्तरीय एक गौरवको योजना तयार गर्नुका साथै विवाद

उत्पन्न नहुने स्थानमा बजेट विनियोजन गरि नगरको नीति र कार्यक्रम अनुकुल हुने गरि बजेट विनियोजन गर्न वडाहरुसंग समन्वय गर्ने नीति लिईनेछ ।

- नगरको विकासलाई योजनाबद्ध र व्यवस्थित बनाउन आवधिक योजना, मध्यकालीन खर्च संरचनाको निर्माण गरी सार्वजनिक सेवा प्रवाहमा नगरबासीको बढी भन्दा बढी सहभागिता गराउन नगरपालिकाले प्रदान गर्ने सेवाहरु नगरबासीहरुलाई एकीकृत रुपमा प्रदान गर्न वान स्टक सिटिजन फयासिलेटर सेन्टर (One Stock Citizen Facilitator) को स्थापना गरी कार्यान्वयन गरिनेछ।
- उपभोक्ता समिति मार्फत कार्यन्वयन हुने योजनाहरु प्रति उपभोक्ताको स्वामित्व बोध, अपनत्व कायम गराउन योजनाको दिगोपनको लागि निश्चित प्रतिशत लागनी साझेदारी कार्यलाई निरन्तरता दिई उत्कृष्ट कार्य गर्ने उपभोक्ता समिति, टोल विकास संस्थाहरुलाई पुरस्कृत गर्ने र खराव आचरण देखिएका उपभोक्ता समिति/संस्थालाई दण्डित गर्ने नीति अबलम्बन गरिनुका साथै उपभोक्ता समितिबाट संचालन हुने योजनाहरुको लागत अनुमान, कार्य सम्पन्न प्रतिवेदन नेपाली भाषामा तयार गर्ने कार्यलाई शुरुवात गरिनेछ ।
- भूमि आयोगसंगको समन्वयमा नगर क्षेत्र भित्रका विभिन्न वडाहरुमा भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरुलाई जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराउन संघिय सरकारसंग विशेष पहल गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- पूर्वाधार निर्माणको योजना विभिन्न गैर सरकारी संस्था, सहकारी, निजि क्षेत्र समेत सहकार्यमा सेवा प्रवाह र विकास प्रशासनलाई सद्धीकरण गर्ने कार्य निरन्तरता दिईनेछ ।
- नगरपालिका तथा मातहतका कार्यालयहरुबाट चौमासिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ, लक्षित वर्गहरुलाई कानुनी सचेतना अभिवृद्धि गर्न विशेष कार्यक्रम संचालन गरिने छ।
- नगरपालिकाबाट संचालन हुने वितरणमुखि कार्यक्रमहरु सम्वन्धित विषयगत समितिको समन्वयमा संचालन गरिनेछ ।
- नगरको विकास तथा समृद्धिको लागि विज्ञ समुह गठन गरि विशेषज्ञको राय सल्लाह तथा सुझावहरुलाई नगरको सम्पत्तिको रुपमा प्रयोग गरिने छ।
- अन्तर नगर सम्बन्धको विकास गर्दै देश भित्रैका र अन्य देशका नगरसँग भगिनी सम्बन्ध स्थापना गर्न पहल गरिनेछ, त्यसबाट प्राप्त हुने ज्ञान, सीप र क्षमतालाई नगरको विकासमा प्रयोग गरिनेछ ।
- सफ्टवेयर प्रणाली मार्फत न्यायीक समितिको क्रियाकलापहरु उजुरी, मेलमिलाप, न्यायिक छलफल तथा मिसिल संरक्षण जस्ता क्रियाकलाप थप व्यवस्थित बनाईनेछ ।

- नीति तथा कार्यक्रमको प्रभावकारी कार्यन्वयनका लागि निरन्तर अनुगमन तथा पुष्ठपोषण प्रदान गर्नको लागि छुट्टाछुट्टै समिति गठन गरी मासिक समीक्षा गरिनेछ ।
- स्थानीय राजश्व संकलनको दायरालाई फराकिलो र दिगो बनाउने नीति अवलम्वन गरिनेछ।
- सबै व्यवसायीलाई करको दायरामा समावेश गर्न व्यावसाय दर्ता शिविर संचालन गरी व्यवसाय दर्ता, अनुमति, नवीकरण र सिफारिश जस्ता कार्यलाई अभियानकै रुपमा संचालन गरिनेछ ।
- स्थानीय राजश्व सुधार कार्य योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- **करले होईन रहरले कर तिरौं** भन्ने भावनाको जाग्रीत गराउदै यथेष्ठ उत्प्रेरणा मार्फत कर तिर्ने बानीको विकास गर्न घरबाट प्रविधिकको प्रयोग गर्न सक्ने करदातालाई कर भुक्तानी गर्ने प्रविधिको विकास गरिनेछ। अन्य व्यावसायिको हकमा घरदैलो, घुम्तिसेवाको रुपमा व्यावसायिको स्थलमा पुगि व्यावसाय दर्ता तथा नवीकरण र राजश्व व्यवस्थापन करको दर भन्दा दायरालाई विस्तार गर्ने नीति लिईनेछ ।
- प्राकृतिक श्रोत साधनको अधिकतम बढी परिचालन नीति लिदै नगर क्षेत्रका प्राकृतिक श्रोत साधनको समुचित उपयोग गरिने कार्यलाई उत्प्रेरित गर्दै कानून विपरीतका कार्य रोक्न निरन्तर अनुगमन र कडा दण्ड जरिवानाको नीति अवलम्वन गरिनेछ ।
- "**आन्तरिक आयको प्रमुख भर व्यवस्थित घर वहाल कर**" संकलन गर्न घर वहालको दायरा फराकिलो गरी राजश्व वृद्धि गर्ने नीति लिईनेछ ।
- राजश्व प्रशासनलाई थप प्रविधिमैत्री बनाउन नगर कार्यपालिका कार्यालय र मातहतका वडा कार्यालयमा रहेका कर संकलन केन्द्रहरुमा Sutra को Revenue Module को प्रयोग मार्फत डिजिटाईजेशन गरिने छ ।
- जिल्ला प्रशासन कार्यालय मार्फत सङ्घीय सरकारको गृह मन्त्रालयसंग ईलाका प्रशासन कार्यालय स्थापानाका आवश्यक पहल गरीनेछ । जसबाट नागरिकका जीवनमा आवश्यक पर्ने नागरिक्ता, राहादानी लगायतका अन्य प्रशासनिक कार्य नगरबाट हुने अपेक्षा लिईनेछ।
- नगर भित्रका प्रबृद्ध वर्गहरुको रोस्टर खडा गरी आवश्यकता अनुसार उहाँहरुको ज्ञान, सिप र क्षमतालाई नगरको विकासमा प्रयोग गर्ने नीति लिईनेछ ।
- नगर भित्रका सेवा निवृत्त (अवकास) प्राप्त कर्मचारी, प्रहरी तथा शिक्षक वर्गहरुको रोस्टर खडा गरी आवश्यकता अनुसार उहाँहरुको ज्ञान, सिप र क्षमतालाई नगरको विकासमा प्रयोग गर्ने नीति लिईनेछ।
- आयोजनाहरुको कार्यको गुणस्तरको सुनिश्चितताका लागी, अनुगमन कार्यलाइ प्रभावकारी बनाउन अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यविधि बनाइनेछ। आयोजनाहरुको नतिजामुखी अनुगमन प्रणालीको सुरुवात गरिनेछ।

- मिथिला नगरपालिका भित्र रहेको संचार क्षेत्र तथा संचारका माध्यमहरु व्यवस्थित, पार्दशी तथा जबाफदेही वनाइने नीति लिईनेछ ।
- मिथिला नगरपालिका क्षेत्र भित्र रहेका ऐलानी, प्रर्ति, सरकारी, नदि उकास जग्गालाई संरक्षण तथा व्यवस्थापन गरिनेछ ।साथै माथि उल्लेखि प्रकारका जग्गाहरुमा अबैज्ञानिक ,अपार्दशी तथा जोखिमपूर्ण रुपमा जग्गाको प्राकृतिक स्वरुप विग्राने गरी गरिएका वा गरिने सवै प्रकारका जमिन मुनिका उत्खननलाई कडाईका साथ कानुनी कार्यवाहीको दायरामा ल्याउने र सो कार्यको रोकथामका लागि आवश्कता वमोजिम पुर्णरुपमा निषेध गर्ने नीति ल्याइनेछ।
- मिथिला नगरपालिका क्षेत्र भित्र रहेका ऐलानी, प्रर्ति, सरकारी, नदि उकास जग्गालाई संरक्षण तथा व्यवस्थापन गदै गैर कानुनी रुपमा प्रयोग गरी वसोवास गरी सार्वजानिक सम्पतीहरुको हानी नोक्सानी गरेमा नियमानुसार दण्ड जरिवान सहितको क्षतिपूर्ति असुल गर्ने नीति ल्याइनेछ।

**धन्यवाद !**

**महेन्द्र महतो**
**नगर प्रमुख**

मिति २०८१ साल असार १० गते सोमवार